## तारकेश्वर नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रमाणीकरण मिति : २०७८।०३।११**

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम तारकेश्वर नगरपालिकामा साविकका स्थानीय निकायको सेवामा सेवारत स्थायी कर्मचारीहरु समायोजन हुँदा तहवृद्धि हुन नसकी वृत्ति विकास अवरुद्ध भई कर्मचारीको कार्यसम्पादन तथा समग्र नगरपालिकाको कार्यसम्पादनमा समेत असर परेकोले यस नगरपालिकामा साविक देखि स्थायी नियुक्ति भई कामकाज गरी रहेका स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तहवृद्धि एवं तलबवृद्धि सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नगरपालिकाको नवौं नगर सभाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐनबनाएको छ ।

१.**संक्षिप्तनाम र प्रारम्भ :** (१) यस ऐनको नाम"तारकेश्वर नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुको बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८"रहेको छ ।

(२) यो ऐन नगर प्रमुखले प्रमाणीकरण गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**ः विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "ऐन"भन्नाले तारकेश्वर नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुको बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

(ख) "कर्मचारी"भन्नाले साविकका स्थानीय निकायको रुपमा रहेका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा कार्यरत रही समायोजन हुँदा बढुवा/स्तरवृद्धि विना तारकेश्वर नगरपालिकामा समायोजन भएका र यो ऐन जारी हुँदाको वखत स्थानीय निकायको सेवामा कार्यरत स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका"भन्नाले तारकेश्वर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगर सभा"भन्नाले तारकेश्वर नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय सेवा"भन्नाले कर्मचारी समायोजन ऐन,२०७५ जारी हुँदाका बखत तारकेश्वर नगरपालिकाको स्थायी सेवामा कार्यरत कर्मचारी, समायोजनका क्रममा स्थानीय तहबाट समायोजन भई यस नगरपालिकामा पदस्थापना भएका वा सरुवा भई कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्दछ ।

(छ) "नगरपालिका"भन्नाले तारकेश्वर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) "स्थानीय कानुन"भन्नाले तारकेश्वर नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्दछ ।

(झ) "स्थानीय निकाय"भन्नाले साविकका जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकालाई सम्झनुपर्छ ।

३. **बढुवा /स्तरवृद्धिको लागि उम्मेद्वार हुन चाहिने न्यूनतम सेवा अवधी र शैक्षिक योग्यता** : (१)यस ऐन बमोजिम बढुवा/स्तरवृद्धिको निमित्त उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता र सेवा अवधि पुगेको हुनुपर्नेछ ।

| क्र. स. | **हालको पद** | **बढुवा/स्तरवृद्धिका लागि आवश्यक न्यूनतम सेवा अवधी र शैक्षिक योग्यता** | **बढुवा/स्तरवृद्धि पश्चात कायम हुने** पद | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर तृतिय | हालको पदमाकम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा टेष्ट उत्तिर्ण गरेको | सहायकस्तर चौथो | |
| २. | सहायकस्तर चौथो | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा एस.एल.सी. उत्तिर्ण गरेको | सहायकस्तर पाँचौ | |
| ३. | सहायकस्तर पाँचौ | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको | अधिकृतस्तर छैटौं | |
| ४. | अधिकृतस्तर छैटौ | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा स्नातक तह उत्तिर्ण गरेको | अधिकृतस्तर सातौं | |
| ५. | अधिकृतस्तर सातौ | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा स्नातक तह उत्तिर्ण गरेको | अधिकृतस्तर आठौं | |

(२) श्रेणीविहीन कर्मचारीलाई समयावधिका आधारमा अधिकतम पाचौं श्रेणी सम्म स्तरवृद्धि गरिनेछ ।

४. **बढुवा पत्र दिने** : यस ऐन बमोजिम बढुवा भए पश्चात् नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिम बढुवा पत्र दिनेछ ।

५. **दरबन्दीकायम गरिने** : दफा ३ बमोजिम बढुवा भएका नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वत:पुल दरबन्दी कायम भएको मानिने छ । यसरी बढुवा भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई समायोजन गर्नु पूर्वको पदले सम्पादन गर्ने कामकाजमा लगाउन बाधा पुगेको मानिने छैन । यसरी समायोजन भएको कर्मचारीको साविक पदमा पदपूर्ति गरिने छैन ।

६. **पदस्थापना गरिने** : दफा ३ बमोजिम बढुवा भएका नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई नगरपालिकाको स्वीकृत संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण अनुसारका दरबन्दीमा उपयुक्त समूह तथा उपसमुहमा पदस्थापना गरिनेछ ।

७. **बढुवा भएका कर्मचारीको सेवा सुविधा** : यस ऐन वमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

८. **जेष्ठताको गणना** : यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

९. **पदनाम सम्बन्धी व्यवस्था** : कर्मचारी समायोजन हुँदाका बखत यस नगरपालिकामा साविकमा कामकाज गरी रहेका, अन्य स्थानीय तहबाट समायोजन भई आएका कर्मचारीको पदनामको सम्बन्धमा नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारको पदनाम कायम गरिनेछ ।

१०. **सूचना प्रकाशन** : वढुवाका लागि नगरकार्यपालिकाको वैठकबाट सूचना प्रकाशन गर्ने निर्णय भए पश्चात कम्तिमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरी वर्षमा २ (दुई) पटक सम्म बढुवाको दरखास्त आव्हान गर्न सकिनेछ ।

११.**कार्यसम्पादन मूल्यांकन पेश गर्नुपर्ने**: बढुवा हुन अन्तिम तीन वर्षको कार्यसम्पादन मूल्यांकनको औषत अंक९५ प्रतिशत वा सो भन्दा माथि हुनुपर्नेछ ।

१२. **निवेदन दिनुपर्ने** : (१) बढुवाका लागि सम्बन्धित कर्मचारीले सूचनाको म्यादभित्र नगरपालिकामा दरखास्त फाराम भर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने दरखास्त फारामको ढाँचा अनुसूची - १ बमोजिम हुनेछ ।

१३. **मापदण्ड बमोजिम हुने** : यो विधेयक बमोजिमका कर्मचारीलाई बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कुनै कानून जारी भएमा यो ऐन अनुसार भएको बढुवा/स्तरवृद्धि उक्त कानून अनुसार समायोजन एवं मिलान गरिनेछ ।

१४. **आवश्यक व्यवस्था मिलाउने** : यस ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यस ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

तारकेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाडौ

तारकेश्वर नगरपालिकाको कर्मचारीको कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्धारा गरिने बढुवाको दरखास्त फाराम

तारकेश्वर नगरपालिकाको कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८ मा आधारित

| | |
|---|---|
| बढुवाको सूचना प्रकाशन भएको मितिः | बढुवा हुने पदः |
| सेवाःप्रशासन | समूहः |
| उपसमूहः | श्रेणीः |

| | |
|---|---|
| उम्मेद्वारको पूरा नामथरः | बहाल रहेको कार्यालयः |
| ठेगानाः | पदः |
| बाबुको नाम : | उपसमूहः |
| आमाको नाम : | श्रेणीः |
| बाजेको नामः | |

१. नोकरी विवरण -(शुरु देखि हालको पदसम्म) :

| क.सं | पदको नाम,सेवा, समूह,उपसमूह, श्रेणी | कार्यालयको नाम | नियूक्ति वा बढुवा निर्णय मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भएअवधि | | सेवाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

द्रष्टव्य : १) तारकेश्वर नगरपालिकाको कर्मचारी समायोजन ऐन, २०७८को दफा बमोजिम बढुवाको लागि उम्मेद्वार हुन असर पर्ने केही छैन भनी कैफियत महलमा उल्लेख गर्ने ।

२) सेवाको प्रकृति, महलमा स्थायी, विकास, अस्थायी, सेवा परिवर्तन, समूह, उपसमूह परिवर्तन आदि कसरी आएको भन्ने व्यहोरा कैफियत महलमा स्पष्टखुलाउने ।

३) गयलकट्टी लगायत सेवा अवधि गणना नहुने कुनै विवरण भए कैफियत महलमा खुलाउनुपर्नेछ ।

शैक्षिक योग्यता

| शैक्षिक योग्यता | अध्ययनविदा | श्रेणी | शिक्षण संस्थाको नाम, ठेगाना | कैफियत |
| --- | --- | --- | --- | --- |
| | | | | |

द्रष्टव्य :(१) फाराममा उल्लेखित सबै उपाधिहरुको प्रमाणित प्रतिलिपि पेश गनुपर्नेछ ।

(२) बढुवा हुने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको सम्बन्धमा सेवा समूह सम्बन्धी नियममा तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा तारकेश्वर नगरपालिकाको कर्मचारीहरुको समायोजन ऐन, २०७८ बमोजिम सम्बद्धता निर्धारण भएको कागजात पेश गर्नुपर्नेछ ।

मथि उल्लेखित विवरणमा कुनै कुरा झुट्टा लेखिएको वा जानीजानी साँचो कुरा लुकाउने उद्धेश्यले लेखिएको ठहरे कानून बमोजिम सजाय भोग्न स्वीकार गर्छु भनी सहिछाप गर्ने :

| |
| --- |
| कर्मचारीको नाम,थर : |
| सहिः र मितिः |
| पदः |
| दाँयाऔंलाको ल्याप्चे सहीछापः |

उपर्युक्त व्यहोरा कार्यालयमा रहेको निजको रेकर्ड अनुसारको हो र यसमा निजले मेरो रोहवरमा सहीछाप गरेको ठीक हो भनी प्रमाणीत गर्ने :

शाखा प्रमुखको नाम /कार्यालय प्रमुखको नाम :
दस्तखत :
मितिः
कार्यालयको छाप :

अनुसूची-२

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

बढुवा पत्र

पत्र संख्याः चलानी नं.

महोदय,

विषयः**बढुवा नियुक्ती ।**

तारकेश्वर नगरपालिकाको कर्मचारीहरुको व्यावस्थापन गर्न बनेको ऐन २०७८ बमोजिम यस कार्यालयको मिति..........................................को निर्णय अनुसार बढुवा भएको मिति देखि ज्येष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको तहमा वढुवा नियुक्ती गरिएको छ ।

बढुवा हुनुभएकोमा हार्दिक बधाई छ ।

तपशिल

| हालको तह र कार्यालय | बढुवा गरिएको तह र कार्यालय |
|---|---|
| तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः | तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः |

.................................